VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति



BRILLIANT COACHING
"success is our motto"
Register yourself in the Premier Institute for Winter Crash Course 2017-18
Highly Experienced faculties for PHYSICS, CHEMISTRY, MATHEMATICS & BIOLOGY
If not satisfied Full Fees will be refundable
facebook.com/brilliant.coaching
Gangtok - 03592 201090 / Siliguri - 0353-2576611 / Cell: 97332 97367



वर्ष - १८, अंक - ३०३ | वि.सं. २०७४, पूष २९ गते | गान्तोक, शनिवार, १३ जनवरी, २०१८ | www.hamroprajashakti.com | JANUARY 13, 2018 SATURDAY, GANGTOK | मूल्य ₹ ५/-


# दार्जीलिङमा राजनीतिक चहल-पहलमा तीव्रता

## विमल फर्किने कुरामा आशावादी समर्थकहरू



**दार्जीलिङ, १२ जनवरी।** गोर्खा जनमुक्ति मोर्चाप्रमुख विमल गुरुङ शुक्रवार अचानक दिल्लीमा मीडियासमक्ष उपस्थित भएको घटनाक्रमपछि यता दार्जीलिङमा राजनीतिक चहल–पहलमा तीव्रता आएको छ। पहाड़का राजनैतिक गतिविधिहरूमाथि विशेष चासो राख्ने जानकारहरू यस्तै दावी गर्छन्। गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए)–का केयरटेकरद्वय विनय तामङ र अनीत थापा पर्यटन उत्सव र विकासलाई हतियार बनाएर पहाड़का बासिन्दालाई रिझाउने प्रयासमा छन्। तर यस्तै समयमा विमल गुरुङ अचानक मीडियासमक्ष आएर आन्दोलन र वार्ताको कुरा गरेकोले पहाड़का मानिसहरूले थरीथरीका अड़कलबाजी लगाउन थालेका छन्। पहाड़का बासिन्दाहरूको एउटा ठूलो समूह अहिले पनि गोर्खाल्याण्ड राज्य गठनको मागमा आन्दोलन जारी राख्नुपर्ने पक्षमा छ। यद्यपि तिनीहरू आन्दोलन रक्तपातरहित अनि शान्तिपूर्ण हुनुपर्ने अनि पहाड़मा विकास पनि जारी रहनुपर्ने पक्षमा छन्। पहाड़का बासिन्दाहरूको एउटा ठूलो समूहले विनय तामङ र अनीत थापालाई अहिले पनि मोर्चा नेताको रूपमा स्वीकार गर्न नसकेको राजनीतिका जानकारहरूको एउटा समूह दावी गर्दछ।

पहाड़का मानिसहरू जीटीए होस् अथवा गोर्खाल्याण्ड, त्यसको मुखियाको रूपमा विमल गुरुङलाई नै हेर्न चाहन्छन्। यसैले दिल्लीमा विमल गुरुङ मीडियासमक्ष सार्वजनिक हुनसाथै पहाड़मा राजनैतिक हावा तातिएको राजनीतिका जानकारहरू दावी गर्छन्। दार्जीलिङको चौरस्तामा होस् अथवा कुनै कफी अथवा चिया पसलअघि सबैतिर नै मानिसहरूले मोर्चाप्रमुख विमल गुरुङबारे नै चर्चा गरिरहेका छन्। के कानुनी अड्चनहरू पन्छाएर विमल गुरुङ पहाड़ फर्किनेछन्? यसै प्रश्नको उत्तर जान्ने कौतुहल मानिसहरूमा धेर छ। पहाड़का व्यापारी, स्कूल शिक्षक–शिक्षिका, चालक, विद्यार्थीलगायत प्राय सबै नै आन्दोलनको नाउँमा रक्तपात, आगलागी जस्ता घटनाहरूको पुनरावृत्ति चाहँदैनन्। यद्यपि तिनीहरू गोर्खाल्याण्ड राज्य गठनको मागमा आन्दोलन जारी राख्नुपर्ने पक्षमा छन्। मोर्चा प्रमुख विमल गुरुङले पनि गोर्खाल्याण्डको निम्ति अब रक्तपातपूर्ण आन्दोलन पहाड़मा अप्रासंगिक भएको कुरा बुझेको तिनीहरूको मत छ।

दार्जीलिङका पसले, व्यापारी र चालकहरूको एउटा समूह बन्दले सबै मर्कामा पर्ने कुरा बताउँछन्। विनय तामङ र अनीत थापालाई जीटीएका केयरटेकरको रूपमा स्वीकार गर्न नसकेका पहाड़का बासिन्दाहरूको ठूलो समूह नै विमल गुरुङ पहाड़ फर्किने कुरामा निश्चित छन्। विमल गुरुङ पहाड़ फर्किनु समयको अपेक्षा मात्र रहको तिनीहरू बताउँछन्। कानूनका जानकारहरूको मतमा युएपीएका विविध धारालगायत आईपीसीका विभिन्न धाराअन्तर्गत मामिलाहरू रहेका विमल गुरुङ कानुनी अड्चन र बाधाहरू पार गरेर पहाड़ फर्किनु कठिन रहे पनि असम्भव भने छैन। विंमल गुरुङपन्थी मोर्चा नेताहरू पनि कानूनका जानकारहरूको यस मतसँग असहमत छैनन्। तिनीहरू मोर्चाप्रमुख पहाड़ फर्किने कुरामा आशावादी छन्। विमल गुरुङ मीडियासमक्ष सार्वजनिक भएको घटनाक्रमले गर्दा पूस अन्तिमतिरको यस कठ्याङ्गिने जाड़ोमा पनि दार्जीलिङ पहाड़को हावा निक्कै नै तातिएको अनुभव सबैले गरिरहेका छन्।

# मुख्यमन्त्रीले गरे प्रस्तावित ज्ञान मन्दिर निर्माण स्थलको भ्रमण



**गान्तोक, १२ जनवरी।** मुख्यमन्त्री पवन चामलिङले शुक्रबार गान्तोकमा प्रस्तावित ज्ञान मन्दिरको निर्माण स्थलको निरीक्षण भ्रमण गरे। ज्ञान मन्दिरको निर्माण कार्य राज्य भवन तथा आवास विभागले गर्नेछ। मुख्यमन्त्रीले निर्माण स्थलको निरीक्षण गर्दै सम्बन्धित विभागका अधिकारीहरूलाई पूर्ण समर्पणका साथ काम गर्न निर्देश दिए। उनले राज्य सरकारले यहाँ एउटा खुल्ला वातावरण सिर्जना गर्ने सपना देखेको बताए जहाँ अन्तरसांस्कृतिक शिक्षण र बौद्धिक ज्ञानको आदान–प्रदान गर्न सकियोस। उनले सरकारको यो सपनालाई पूरा गर्न सहयोगको निम्ति आह्वान गरे। मुख्यमन्त्रीले यस्तो पूर्वाधार राज्यको निम्ति एउटा गौरव बन्नेछ भन्दै सबैलाई इमान्दारी एवं प्रतिबद्धताका साथ काम गर्न आह्वान गरे। अनुसार ज्ञान मन्दिरको निम्ति प्रस्तावित कुल क्षेत्र २.३६ ऐकर रहेको छ। यसमा २१ प्रतिशत क्षेत्र निर्माण कार्यको निम्ति आवण्टित गरिएको छ। रहल ठाउँ ज्ञान मन्दिरलाई प्राकृतिक रूपमा सुन्दर बनाउने प्रयोजनको निम्ति प्रयोग गरिने छ। यस ज्ञान मन्दिरमा २० लाख पुस्तक राखिने लक्ष्य लिइएको छ जसमा हस्तलिपि र दस्तावेज दुवै सामेल रहने छ। ज्ञान मन्दिरको प्रथम चरण यसै महिनादेखि शुरू गर्ने बताइएको छ। यस भ्रमण अवधी मुख्यमन्त्रीसँग राज्य विद्युत एवं उर्जा विभागका मन्त्री, शहरी विकास एवं आवास विभागका मन्त्री, भवन तथा आवास विभागका सचिव, गान्तोकका मेयर, विभागीय अधिकारीहरू आदि पनि उपस्थित थिए।

## मिरिकलाई नमूना पर्यटन केन्द्र बनाइनेछ : एलबी राई

**मिरिक, १२ जनवरी।** मिरिक नगरपालिका क्षेत्रको विकाससितै पर्यटनको विकासको निम्ति मिरिक नगरपालिका बोर्डले धेरैवटा काम गरिरहेको छ। नगरपालिका अध्यक्ष एलबी राईले मिरिक नगरपालिका र मिरिक पर्यटन केन्द्रलाई नमूना पर्यटन केन्द्रको रूपमा स्थापना गर्ने भिजन तयार गरिएको र यसको कार्यन्वयनको निम्ति हिजो मात्र यहाँका सम्पूर्ण लाइन डिपार्टमेन्ट, होटल व्यवसायी, पर्यटन व्यवसायी, पुलिस प्रशासन, नागरिक समाजका प्रतिनिधि एवं सामाजिक संघ–संस्थाका प्रतिनिधिहरूलाई लिएर सभा आयोजना गरिएको जानकारी गराए। सभामा सुन्दर, स्वच्छ र विकसित मिरिकको निम्ति सबैले हातेमालो गर्ने सहमति कायम भएको उनले बताए। मिरिकको विकासको निम्ति राज्य सरकारले धेरै सोचेको छ भन्दै उनले मिरिकको विकासको निम्ति राजनीतिदेखि माथि उक्लेर काम गर्नुपर्ने आह्वान गरे। उनले भने, फूलबारी मैदानलाई आकर्षक ढंगमा सजाउन जरूरी छ। झीलको सुन्दरीकरण गर्नुछ। यहाँ पर्यटनको विकास भएपछि रोजगारको अवसर पनि प्राप्त हुनेछ। धेरैले व्यवसाय गर्न सक्नेछन्। तर यसको निम्ति सबैको साथ र सहयोगको खाँचो छ।

## पहाड़मा भित्रभित्रै अशान्त छ : विमान बोस

**सिलगढ़ी, १२ जनवरी।** दार्जीलिङ पहाड़ हेर्दा अहिले शान्त देखिए पनि वास्तवमा त्यस्तो छैन। अहिले पनि पहाड़मा भित्रभित्रै अशान्ति छ। पहाड़मा स्थायी रूपले शान्ति फर्काउनको निम्ति सबैलाई सामेल गराएर वार्ता गर्नुपर्ने आवश्यकता छ। राज्यको वाममोर्चाका चेयरम्यान विमान बोसले यस्तै कुरा जनाएका छन्। तिनले बताएअनुसार वाममोर्चाले दार्जीलिङ पहाड़मा अशान्ति साम्य पार्न बारम्बार त्रिपक्षीय बैठकको माग गरे पनि त्यो भएन। विमान बोसको मतमा पहाड़मा स्थायी शान्ति फर्काउन केन्द्र र राज्य सरकार अनि पहाड़मा आन्दोलित दलका सबै पक्षलाई सामेल गराएर त्रिपक्षीय वार्ताको आवश्यकता छ।

## त्रिपक्षीय वार्ता बंगालको सहमतिमा मात्रै सम्भव

# विमल गुरुङको अदूरदर्शिता अनि अपरिपक्कताको कारण गोर्खाल्याण्ड आन्दोलन असफल : अनीत थापा

**दार्जीलिङ, १२ जनवरी।** भारतको संघीय ढाँचाअन्तर्गत त्रिपक्षीय वार्ता पश्चिम बंगाल राज्यको सहमतिमा मात्रै सम्भव छ भनेर तिनीहरूले २९ अगस्त २०१७ मा नै गोजमुमो अध्यक्ष विमल गुरुङलाई सम्झाएको, जुन कुरा तिनले लगभग ५ महीनापछि मात्रै बुझेको गोजमुमो विनय गूटका महासचिव अनीत थापाले जनाएका छन्। तिनले बताएअनुसार दिशाहीन, भावनात्मक आन्दोलन अनि रणनीतिबिनाको बन्दले मानिसहरूलाई समस्या मात्र हुनाले त्रिपक्षीय वार्ताको निम्ति राज्य सरकारलाई सहमतिमा ल्याउने रणनीति अपनाउनुपर्छ भनेर गुरुङलाई बुझाउन खोज्दा उल्टै तिनीहरूलाई मीर जाफरको अनि जाति विरोधीको संज्ञा दिइयो। दिइयो। अहिले ५ महीनापछि मात्रै विमलले हाम्रो कुरा बुझेका छन् जो अति नै ढीलो भइसक्यो, हामीले सम्झाएको बेला नै तिनले यी कुराहरू बुझेको भए शायद मानिसहरूको ज्यान जाने थिएनन्, हाम्रा सयौंजना साथीहरूले जेलको यातना भोग्नुपर्ने थिएन, परिवार छोड़ेर जंगल –जंगल भट्की रहनुपर्ने थिएन,थापालेभने।



विमल गुरुङको नेतृत्वमा भएको तीनवटा गोर्खाल्याण्ड आन्दोलन तिनकै अदूरदर्शिता अनि अपरिपक्कताको कारण असफल भएको अनीतले आरोप लगाए। तिनले विमल गुरुङ जंगलमा नभएर वास्तवमा १५–२० जना समर्थकहरूलाई लिएर धेरै अघिदेखि नै दिल्लीमा डेरा जमाएर बसेको दावी गरे। विभिन्न मुद्दाहरूबाट बाँच्नुको निम्ति अनि गुमाएको सत्ता प्राप्त गर्नुको निम्ति तिनी दिल्लीमा भाजपाको कठपुतली बनेर बसिरहेको थापाले आरोप लगाए। छन्। तिनले

अब गोर्खाल्याण्डको नाउँमा र सत्ताको निम्ति फेरि–फेरि पहाड़ अशान्त अनि बन्द गर्न नदिइने बताए। यदि विमल गुरुङ गोर्खाल्याण्डको निम्ति ईमानदार छन् भने सर्वप्रथम भाजपाले गोर्खाल्याण्डको समर्थन गर्छ भनेर भाजपाको राष्ट्रिय कार्यकारी सभामा एउटा लिखित प्रस्ताव लिनु लगाउनुपर्छ, त्यसपछि सांसद एस.एस. अहलुवालियालाई गोर्खाल्याण्डको प्रस्ताव सदनमा उठाउनु लगाउनुपर्छ र भाजपाका सम्पूर्ण सांसदहरूलाई समर्थन गर्नु लगाउनुपर्छ र यसपछि गोर्खाल्याण्ड आन्दोलन हुन्छ भने जनताले समर्थन गर्नेछ, तिनले भने। अब फेरि गोर्खाल्याण्डको नाउँमा गोर्खाहरू भाजपाको भोट ब्यांक हुनुहुँदैन भन्दै थापाले हृदयले होइन मस्तिष्कले गोर्खाल्याण्ड सम्भव रहेको बताए।

तिनले भने, हामी व्यवस्थित अनि असल प्रशासनमार्फत पहाड़ अनि पहाड़वासीलाई व्यवस्थित अनि सक्षम बनाउने कार्य गरिरहेका छौं, आर्थिक, सामाजिक, शैक्षिक आदि क्षेत्रहरूमा व्यवस्थित भइसकेपछि गरिएको हरेक आन्दोलन सक्षम अनि सफल बन्नेछ। सक्षम जनताले नै सफल आन्दोलनको नेतृत्व दिनसक्नेछ र यही सोच अनि अभियानमा हामी कार्य गरिरहेका छौं किनभने गोर्खाल्याण्डको कुनै सर्टकर्ट छैन, यसको निम्ति सर्वप्रथम हामीलाई हरेक क्षेत्रमा सक्षम हुन अत्यन्त आवश्यक छ, अनीत थापाले भने।

## एसडीएफको एकमात्र विकल्प भाजपा : चौहान

**गान्तोक, १२ जनवरी।** सिक्किम प्रदेश भारतीय जनता पार्टी (भाजपा) को सिङतामस्थित कार्यालयमा शुक्रबार एउटा विशेष सभा बस्यो। सभालाई सम्बोधन गर्दै अध्यक्ष चौहानले भाजपा संगठनले चल्ने पार्टी भएको र अबउसो बुथ स्तरदेखि प्रदेश स्तरसम्म संगठनलाई मजबूत बनाएर लैजानुपर्ने बताए। उनले कार्यकर्ताहरूलाई फुटेर होइन जुटेर काम गरौं भन्ने आह्वान पनि गरे। उनले भने, 'एसडीएफ पार्टीको एकमात्र विकल्प भारतीय जनता पार्टी हो।' उनले पार्टी कार्यकर्ताहरूलाई एकअर्कामा मतभेद भूलेर समष्टिदेखि जिल्लास्तरमा पार्टी कार्यकर्ताहरू तयार गर्नुपर्ने र आउँदो विधानसभा चुनाउको निम्ति लागिपर्नुपर्ने आह्वान गरे। उनले भने, 'एसडीएफ सरकारलाई पूर्ण रूपले परास्त नगरे सिक्किममा अन्याय र अत्याचारले जरा गाड्ने छ। शोषण र दमनको




नृत्य कायम रहने छ।'

उनले एसडीएफ प्रमुख पवन चामलिङलाई कसैको डर नरहेको, तर उनी मोदीसँग मात्र डराउने गरेको बताए। उनले मुख्यमन्त्री चामलिङले गरेको व्यापक भ्रष्टाचारको लेखाजोखा सबै प्रधानमन्त्री नरेन्द्र मोदीलाई थाहा रहेको दाबी पनि गरे। उनले भाजपा कार्यकर्ताहरूलाई एक भएर भ्रष्टाचारमुक्त सिक्किम निर्माणको निम्ति आजदेखि नै कार्यरत रहनुपर्छ बताए।

यसरी नै पार्टीको पूर्व जिल्ला अध्यक्षले भाजपालाई सिक्किममा मजबूत बनाएर सिक्किमलाई भ्रष्टाचारमुक्त बनाउन आह्वान गरे। पूर्व जिल्लाअन्तर्गत १२ समष्टिमा ग्राम स्तरीय, समष्टि स्तरीय र जिल्ला स्तरीय कमिटीहरूको गठन गरी भाजपालाई सशक्त बनाउन कार्यकर्ताहरूको चयन गरिने बताए। पार्टीका एक वरिष्ठ कार्यकर्ता लाक्पा शेर्पाले २०१९ मा भाजपाको सरकार बनाउनु बाहेक सिक्किममा अरू कुनै विकल्प नै नरहेको दाबी गरे। उनले क्षेत्रीय


▶रहल पाता २-मा


# हाफ म्याराथनमा अनीष र कान्छीमाया विजयी




**दार्जीलिङ, १२ जनवरी।** हाफ म्याराथन दौड़मा पुरुषहरूमा मेघालयका अनीष थापा अनि महिलाहरूमा नेपालकी कान्छीमाया काजो प्रथम भए। शुक्रवार दार्जीलिङ पुलिसको आयोजनमा सुकेपोखेरीबाट शुरू भएको हाफ म्याराथनमा भारतको विभिन्न राज्य अनि विदेशका धावकहरूले भाग लिएका थिए। सुकेबाट शुरू भएर म्याराथन लेप्चा जगत, घूम–जोरबंगला, घूम, डाली, दार्जीलिङ, जू रोड हुँदै दार्जीलिङको चौरस्ता पुग्यो जसमा पुरुषहरूमा अनीष थापा पहिलो, दोस्रो मिकेश अनि तेस्रो हरि सिंह भए भने महिलाहरूमा कान्छीमाया काजो पहिलो, मोनिका चौधरी दोस्रो अनि तेस्रो सीमा भए।

दौड़मा पहिलो हुनेलाई एक लाख पचास हजारको चेक, प्रमाण पत्र अनि अन्य पुरस्कारहरू प्रदान गरियो भने दोस्रोलाई ७५ हजार रूपियाँको चेक, प्रमाण पत्र अनि अन्य पुरस्कार,त्यसरी नै तेस्रोलाई ५० हजार रुपियाँको चेक, प्रमाण पत्र अनि अन्य पुरस्कार प्रदान गरियो। त्यसरी नै हाफ म्याराथन दौड़मा स्थानीय धावकहरूलाई अलग्गै स्थान दिइएको थियो जसमा पहिलो हाजुङ भोटिया, दोस्रो उत्तम भुजेल अनि तेस्रो विनोद तामङ भए। दौड़मा पुलिस जवानहरूलाई पनि बैग्लै स्थान दिइएको थियो जसमा आशिष सुब्बा पहिलो, दावा लामा दोस्रो अनि प्रेम दोर्जे भोटिया तेस्रो भए।

यस हाफ म्याराथन दौडमा प्रमुख अतिथिको रूपमा अजय आनन्द उपस्थित थिए भने अन्य अतिथिहरूमा मनोज कुमार बर्मन, हुमायुँ कबीर, दार्जीलिङ पुलिस अधीक्षक अखिलेश चतुर्वेदी, दार्जीलिङकी जिल्लापाल जयसी दासगुप्त, दार्जीलिङ पुलिस अपरेशन अधीक्षक अमरनाथ के, नगेन्द्र


▶रहल पाता २-मा


## सरकारी कर्मचारीहरूको तलब झट्ट दिनुपर्ने एसकेएमको माग

**गान्तोक, १२ जनवरी।** सिक्किममा कार्यरत स्थायी र अस्थायी सरकारी कर्मचारीहरुले दिसम्बर २०१७ को तलब अहिलेसम्म नपाएको गुनासो सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) लाई प्राप्त भएको बताइएको छ। एसकेएम उपाध्यक्ष (प्रचार प्रसार) बिरेन्द्र तामलिङद्वारा आज जारी प्रेस बयानमा भनिएको छ, यतिका दिनसम्ममा पनि कर्मचारीहरुले तलब नपाउनु दुःख अनि खेदको विषय हो। सरकारले कर्मचारीहरुको यति ठूलो रकम कुनै वित्तीय संस्थानमा बचत गरेर ब्याज लिँदै गरेको पनि हुनु सक्ने एसकेएमले आंशका व्यक्त गरेको छ। उनले भनेका छन्, देशमा सिक्किम सबैभन्दा महँगो राज्य हो। नयाँ वर्षमा सरकारी कर्मचारीहरु स्वास्थ्य जाँच गराउने, छुट्टीको समयमा नानीहरुलाई भ्रमण गराउने कार्यक्रमहरु हुन्छ। तर अहिलेसम्म तलब नदिएकोले सबै कार्यक्रमहरू चौपट भएको गुनासो आइरहेको छ। यी कुराहरूलाई ध्यानमा राखेर सरकारले सरकारी कर्मचारीहरुको तलब झट्ट भुक्तान गर्नुपर्ने माग एसकेएमले गरेको छ।


KIIT
Kalinga Institute of Industrial Technology
Deemed to be University
(Established U/S 3 of UGC Act, 1956)
Bhubaneswar, Odisha, India

'A Category' by Ministry of HRD, Govt. of India | 'Tier 1' Accreditation (Washington Accord) by NBA for Engineering | Accredited by NAAC in 'A Grade' | Accredited by IET, U.K. (B.Tech. Programme)

KIITEE-2018
15th - 24th April 2018
No Application / Examination Fee | Computer Based Online Test

Programmes Available
- B.Tech (4 Years) in following branches of Engineering : Civil, Mechanical, Electrical, Electronics and Telecommunication, Computer Science, Information Technology, Electronics and Electrical, Electronics & Instrumentation, Mechanical (Automobile), Aerospace, Mechatronics, Production, Electronics & Computer Science, Electronics & Control System, Communication, Medical Electronics, Computer Science & Communication, Chemical Technology, Computer Science & Systems and Dual Degree Programme
- B. Arch (5 Years)
- B.Tech (Lateral Entry) (3 Years)
- B.Sc. Nursing (4 Years)
- Bachelor of Design (Fashion / Textile) (4 Years)
- BA.LLB, BBA.LLB & B.Sc.LLB (5 Years)
- Bachelor of Film & Television Production (3 Years)
- BBA (3 Years)
- BCA (3 Years)
- B.Tech & M.Tech - Biotechnology (Dual Degree) (5 Years)
- M.Sc (Biotechnology) / M.Sc (Applied Microbiology) (2 Years)
- Master of Public Health (2 Years)
- Master of Hospital Administration (2 Years)
- Master of Mass Communication (Integrated) (5 Years)
- M.Sc. Nursing (2 Years)
- MCA ( 3 Years)
- MCA (Lateral Entry) (2 Years)
- M.Tech. (2 Years)
- M.A. (Yoga Therapy) (2 Years)
- Integrated Dual Degree M.Sc. & Ph.D (5 Years)
- LLM (1 Year)
- Ph.D

Apply Online through KIIT websites www.kiitee.kiit.ac.in / www.kiit.ac.in or KIITEE App (Google Playstore ) from 20th November 2017 to 31st March 2018. For detailed information please go through University websites.
Registrar & Director, Admissions

Admission Cell, Koel Campus, KIIT (Deemed to be University), Po- KIIT, Bhubaneswar-751024, Odisha, India
Ph: 0674 - 2742103, 2741747, 2741389, Fax : 0674 - 2741465, Toll Free No. : 18003457132
Email :admission@kiit.ac.in. Websites : www.kiitee.kiit.ac.in & www.kiit.ac.in

KIIT (Deemed to be University) has only one permanent campus in Bhubaneswar, Odisha. It has no other campus / off campus anywhere else in the country and globe.